गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८१/०६/२१

समयः बिहान ७:०० बजे

आज मिती २०८१/०६/२१ गते यस टेम्केमैयुङगाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थीती

| | |
|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री बाल बहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री विकेन पौडेल | प्रमुख प्रशासकीय अधिकृत |

श्री गंगा वहादुर तामाङ		का.वा. वडा अध्यक्ष वडा नं. ८

वैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

लेखापाल श्री अर्जुनजंग बस्नेत

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

शिक्षा शाखा प्रमुख श्री राजन ढकाल

योजना शाखा श्री लिला प्रसाद पराजुली

कार्यालय सहयोगी श्री सुवास गिरी

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२. वडा दशैं, शुभ-दिपावली तथा छठ पर्वको शुभकामना सम्वन्धमा।
३. विपदको क्षतिको सम्वोधन सम्वन्धमा।
४. Digital Profile स्वीकृत सम्बन्धमा।
५. त्रिभुवन धर्मोदय मा वि छिनामखुको विद्यालय भवन DPR स्वीकृत सम्बन्धमा ।
६. मुन्धुम पदमार्ग फार्मट्रिप सम्बन्धमा ।
७. व्याडमिन्टन प्रतियोगिता सञ्चालन सम्बन्धमा ।
८. १५ बेडको हस्पिटल सम्बन्धमा ।
९. भुक्तानी गर्ने सम्वन्धमा ।
१०. श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

**निर्णय नं २ दशैं, शुभ-दिपावली तथा छठ पर्वको शुभकामना सम्बन्धमा।**

नेपालीहरुको महान चाड वडा दशैं, शुभ दिपावाली, तथा छठ पर्व २०८१ को पावन अवसरमा सम्पूर्ण टेस्केमैयुङ वासी आमा, वुवा, दाजुभाइ, दिदी, वहिनीहरु, जनप्रतिनिधि तथा कर्मचारीहरु लगायत देशविदेशमा रहनु भएका महानुभावहरुको शुख, शान्ती, सुस्वास्थ्य एवं दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामना सहित यी पर्वहरु शान्तीपूर्ण, सभ्य, सुसस्कृत रुपमा मनाउनका लागि आवश्यक सहजीकरण सहित आग्रह गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. विपदको क्षतिको सम्बोधन सम्बन्धमा ।**

मिति २०८१ असोज १० देखि १२ गते सम्म आएको अविरल वर्षाका कारण यस पालिकामा भएका क्षतिहरुको विवरण वडाहरुवाट संकलन गरि पालिकाबाट सम्बन्धित निकायमा पेश गर्ने साथै यस पालिकाको केन्द्रवाट नागी, खावा, हुदै कोट, गोगने, लेखर्क जाने वाटोमा पहिरो झरी साथै वाचिम्ले खोला, खुगे खोला, राउते खोलामा बाढीको कारण ठूलो क्षति भई बाटो अवरोध भएकाले यस पालिकाको JCB वाट पहिरो पन्छाउन सम्भव नभएकाले ठूलो JCB प्रयोग गरि पहिरो पन्छाई र खोलामा वाटो पुनर्निमाण गरि बाटो सूचारु भइसकेकाले उक्त JCB प्रयोग वापतको रकम प्राविधिक मूल्याङकनका आधारमा विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ४. Digital Profile स्वीकृत सम्बन्धमा ।**

श्री डिबगसफ्ट प्रा.लि, काठमाडौं द्धारा यस गाउँपालिकाको Digital Profile निर्माण कार्य सम्पन्न गरिसकेको हुनाले उक्त Digital Profile स्वीकृत गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५. त्रिभुवन धर्मोदय मा वि छिनामखुको विद्यालय भवन DPR स्वीकृत सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. २ मा अवस्थित श्री त्रिभुवन धर्मोदय मा वि को भवन निर्माणका लागि श्री **Redox Consult Pvt.Ltd. Kathmandu** द्धारा गरिएको DPR स्वीकृत गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ६. मुन्धुम फार्मट्रिप सम्बन्धमा ।**

यस गाउँपालिकाको पर्यटकिय क्षेत्र मुन्धुम पदमार्गको फार्मट्रिप मिति २०८१/०७/०४ देखि २०८१/०७/१२ गते सम्म सञ्चालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ७ व्याडमिन्टन प्रतियोगिता सञ्चालन सम्बन्धमा ।**

यस गाउँपालिकामा, टेम्केमैयुङ व्याडमिन्टन क्लबद्धारा मिति २०८१/०६/२२ र २३ गते वडा स्तरीय व्याडमिन्टन प्रतियोगिता सञ्चालन गरिने भएको र उक्त प्रतियोगिताको लागि आवश्यक बजेट गाउँपालिकामा माग गरिएको हुनाले उक्त आवश्यक रकम रु १०००००/- प्रतियोगिता सञ्चालनका लागि खेलकुद शिर्षकबाट उक्त क्लबलाई प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ८. १५ बेडको अस्पताल सम्बन्धमा ।**

यस पालिकामा निर्माणाधिन १५ वेडको अस्पतालको ठेकेदार कम्पनी श्री भूमि हिमालयन जेभीले निर्माण कार्य अलपत्र पारी बारम्बार ताकेता गर्दा पनि सम्पर्कमा नआएकोले उक्त निर्माण कम्पनीको कार्यसम्पादन जमानत ( Performance bond) र APG बापतको रकम् नविल बैंकबाट यस पालिकाको खातामा रकमान्तर गर्नको लागि उक्त बैंकलाई पत्राचार गरि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९. भुक्तानी गर्ने सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. १ रिमचिम तिम्मामा अवस्थित श्री पशुपति मा वि मा सघन शहरी तथा भवन निर्माण आयोजना धनकुटाबाट भवन निर्माणका लागि रु १ करोड विनियोजन भइ आएको र उक्त भवन निर्माण गर्ने कार्यस्थल निर्माणका लागि पालिकासँग अनुरोध भइ आएकाले यस गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि उक्त विद्यालयलाई रु ३००००/- प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १०. श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. ९ लेखर्क मा मिति २०३६/०७/२१ गते जन्मिनु भई बडि बिल्डिङ खेल २०८१ को मिस्टर काठमाडौंको स्वर्णपदक विजेता समेत भइ खेलकुद क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउनु हुने श्री प्रकाश माङ्गपाहाङ्ग राईको मिति २०८१ असोज २६ मा असामाहिक निधन भएको हुदा खेल जगतमा गाउँपालिका सहित राष्ट्रलाई नै अपूरणिय क्षति पुगेको हुदा स्वर्गीय प्रकाश माङ्गपाहाङ्ग राई प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सोकसम्पन्त परिवार प्रति समवेदना व्यक्त गर्ने निर्णय पारित गरियो ।